# प्रेस विज्ञप्ती

## आन्तरिक लेखापरीक्षणको एकिकृत वार्षिक प्रतिवेदन र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को छलफल कार्यक्रम

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ आश्विन २४ गते देखि लागु भएको र सोहि ऐन अनुसार कार्तिक मसान्त भित्र आन्तरिक लेखापरीक्षणको एकिकृत वार्षिक प्रतिवेदन महालेखा नियन्त्रक कार्यालयले अर्थ मन्त्री समक्ष पेश गर्नुपर्ने प्रावधान बमोजिम पहिलो एकिकृत वार्षिक प्रतिवेदन मिति २०७६।०७।२९ गते माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाज्यू समक्ष पेश गरिएको सर्न्दभमा मन्त्रालयहरु र संवैधानिक निकायका लेखा उत्तरदायी अधिकृतहरु बिच आन्तरिक लेखापरीक्षणको एकिकृत वार्षिक प्रतिवेदनको समिक्षा र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को आधारमा संघीयता लागु पश्चात वित्तीय अनुशासन तथा आन्तरिक नियन्त्रण प्रणाली सबलिकरण गर्ने विषयमा केन्द्रित रही महालेखा नियन्त्रक कार्यालयमा छलफल सम्पन्न भयो ।

सो कार्यक्रममा महालेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणको एकिकृत वार्षिक प्रतिवेदनमा औल्याइएका विषय तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को व्यवस्था बमोजिम मन्त्रालयहरुले गर्नुपर्ने सुधारका कार्यहरुको अपेक्षा सम्बन्धी प्रस्तुती गरियो । सहभागीका तर्फबाट विभिन्न मन्त्रालयका सचिवज्यूहरुले आर्थिक अनुशासन,आन्तरिक लेखापरीक्षण प्रतिवेदन तथा आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धमा धारणा प्रस्तुत भयो । महालेखा नियन्त्रक श्री गोपीनाथ मैनालीज्यूले वित्तीय अनुशासन तथा आन्तरीक नियन्त्रण प्रणाली तर्जुमा तथा कार्यन्यवनमा आगामी दिनमा महालेखा नियन्त्रक कार्यालयले निकायहरुसंग थप अर्न्तक्रिया तथा निरन्तर समन्वय गर्ने धारणा व्यक्त गर्नुभयो । माननीय अर्थ मन्त्रीज्यूबाट संघीयता पश्चात संरचनात्मक परिवर्तनबाट आएका समस्याका कारण बजेट कार्यन्वयन तथा बेरुजु फर्स्यौटको अवस्थामा केही कमजोरी देखिए तापनि ति कमजोरीहरु आगामी आर्थिक वर्षहरुमा सुधार हुंदै जाने उल्लेख गर्नुभयो । वित्तीय अनुशासन कायम राख्न नीतिगत रुपमा गर्नुपर्ने सुधार सम्वन्धमा आवश्यक सुझाव तत्काल उपलब्ध गराउन तथा सर्म्पूण मन्त्रालय तथा निकायलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ का व्यवस्थाहरु तदारुकताका साथ कार्यन्वयन गरी वित्तीय अनुशासन सुदृढ गर्न निर्देशन दिनुभयो ।

२०७६।०८।१९